


# अध्याय -८

## स्वर्गमा दौलत थुपार्नु

**मूल पदहरू: उत्पत्ति ६:५-१४, हिब्रू ११:८-१३, २ कोरन्थी ४:१८, उत्पत्ति १३:१०-१२, उत्पत्ति ३२:२२-३१ र हिब्रू ११:२४-२९।**



**यस अध्यायको मूल सार पदः** *"मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?" मर्कूस ८:३५-३६।*

संसारको उत्तम लगानी रणनीति येशूले हामीलाई दिनुभएको थियोः "आफ्नो निम्ति पृथ्वीमा धन-सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन।" मत्ती ६:१९,२०। अनि लगानी रणनीतिलाई यो भनेर टुँग्याउनुभएको थियो, "किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीँ तिम्रो मन पनि हुन्छ।" मत्ती ६:२१। सफासँग भन्नुपर्दाः तपाईंले पैसा कहाँ खर्च गर्नुहुन्छ सो मलाई देखाउनुहोस्, अनि तपाईंको मन कहाँ छ सो म देखाउनेछु, किनकि जहाँ तपाईंले पैसा राख्नुहुन्छ त्यहाँ तपाईंको मन पनि हुन्छ। तत्काल तपाईंको हृदय त्यहाँ नभएतापनि तर त्यतातिर तपाईंको मन गइरहेको हुन्छ।

के परमेश्वरको राज्यको निम्ति हृदय भएको तपाईं चाहनुहुन्छ। यदि चाहनुहुन्छ भने तपाईंले आफ्नो पैसा त्यहाँ लगानी गर्नुहोस् जसबाट तपाईंले अनन्त इनामहरू पाउनुहुनेछ। तपाईंको समय, पैसा र प्रार्थना परमेश्वरको कामको निम्ति लगानी गर्नुहोस्। यदि गर्नुभयो भने तपाईं त्यस कामको निम्ति अझ चासो बढाउनुहुनेछ, अनि तपाईंको दिल पनि त्यहाँ जानेछ। बाइबलमा भएका विभिन्न पदहरू र कथाहरू यस अध्यायमा हेर्नेछौं जसले स्वर्गमा धन थुपार्नु भनेको के हो सो बुझाउन खोज्दछ, आखिरमा आएर हाम्रो लगानीले कहिल्यै ननाशिने इनाम पाउनेछौं।

## १. परमप्रभु परमेश्वरको अनुग्रह नोहामाथि पर्‍यो

यस पृथ्वीमा रहने तर स्वर्गको सम्पत्तिलाई खोज्ने प्रायजसो मानिसहरूको जीवनमा ठूलो र मूख्य परिवर्तन ल्याउन परमेश्वरले आह्वान गर्नुभएको पाइएको छ। त्यही परिवर्तनमा सहभागी हुन आवश्यक भएमा तपाईं पनि तयार हुनुहोस्।

**उत्पत्ति ६:५-१४मा नोहाको बारेमा लेखिएको छ। परमेश्वरको आज्ञा अनुसार चल्दा नोहाको जीवनमा के आमूल परिवर्तनहरू ल्याउनुपरेको थियो? संसारमा आउने विध्वंसको बारेमा चेतावनी दिनुपर्दा हामीमा पनि कस्तो परिवर्तन गर्नुपर्ने नीतिहरू त्यस बृतान्तबाट हामी लिन सक्छौं?**

पेसागतरूमा सिकर्मी देखिएको नोहा आफ्ना समय र स्रोतहरू प्रयोग गरेर आफ्नो लागि भव्य गर्न समय बिताउन सक्थ्यो। तर जहाज बनाउन परमेश्वरले नोहालाई निर्देशन दिनुहुँदा उनले १२० वर्ष त्यही काममा लाग्न आफ्नो जीवनमा उग्र परिवर्तन ल्याउन उनले रोज्न पुगेका थिए।

विश्वजलप्रलय केवल पुराण वा काल्पनिक मिथ हो भनेर त्यसलाई विश्वास गर्न धेरैले पन्छाएको देखिन्छ। प्रायजसो मानिसहरूकै अनुमानित विज्ञानको आधार बनाउँदै प्रकृतिको नियममा विश्वजलप्रलय भएको देखाउँदैन भनेर तिनीहरूले दावी गर्दछन्। यो कुनै नौलो कुरो होइन। "जलप्रलय हुनुभन्दा अघि शताव्दीयौं सम्म मानिसहरूले यो तर्क गरेका थिए प्रकृतिका नियमहरू स्थिर छन् र त्यो परिवर्तन हुन सक्दैन। त्यही नियमको आधारमा मौसमहरू एक पछि अर्को आएका छन्। त्यस नियम अनुसार यस पृथ्वीमा पानी कहिल्यै पनि परेको छैन र पृथ्वी शितले भिजेकोछ, नदीहरूले आफ्ना सिमानाहरू छोडेका छैनन् बरू समुद्रमा ती नदीहरूबाट सुरक्षितसँग पानी

बगिरहेकाछन्, प्रकृतिकै नियम अनुसार नदीको पानी आफ्नो किनाराभन्दा बाहिर बगेका छैनन् भनेर त्यसबेलाका लोकप्रिय वैज्ञानिकहरूले सिकाएका थिए।" —एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ९६बाट रूपान्तरित। जलप्रलयभन्दा अघि मानिसहरूको गलत बुझाइले गर्दा बाढी कहिल्यै पनि आउँदैन भनेर तर्क गरेका थिए; जलप्रलयपछि पनि तिनीहरूको गलत बुझाइको आधारमा विश्वजलप्रलय कहिल्यै पनि भएको थिएन भनेर तर्क गर्दछन्। बाइबलले भन्छः "सूर्यमुनि केही कुरो पनि नौलो छैन" (उपदेशक १:९)।

त्यसै अनुसार, जगतको अन्त्यमा हुने विभिन्न घट्नाहरूलाई औँल्याएर संसारको अन्त हुँदैछ भनेर सुनाउँदा जलप्रलयभन्दा अघिको मानिसहरूले जस्तै आफ्ना कानहरूलाई बहिरा पार्दछन् (२ पत्रुस ३:३-७ पढ्नुहोस्)। आउने विनाशको निम्ति हामी कसरी तयार हुन सक्छौं र भनेर तिनीहरूले विवाद गर्छन्। त्यसले गर्दा हामीले जे हुनेछ त्यो ढिलै भएतापनि संतोष भएर धैर्यतासाथ परमेश्वरले खटाउनुभएको काम गरिरहनु आवश्यक भएको हामीले ठान्नुपर्दछ। भविष्यमा परमेश्वरले महिमित इनाम दिनुहुनेछ तर अहिले परमेश्वरको काम गरिरहन हाम्रो विवेकलाई झर्को मान्न दिनु हुन्न। येशू कहिले फर्किनुहुन्छ सो हामीलाई थाहा छैन। तर त्यसको सुर्ता हामी गरिरहनु आवश्यक देखिन्दैन, तर हाम्रो आवश्यकता भनेको नोहा जस्तो आफ्नो जीवनमा मौलिक परिवर्तन ल्याउनुपरेतापनि परमेश्वरले अऱ्हाउनुभएको काममा लागिरहनु हो।

*यदि नोहालाई जस्तो तपाईँलाई पनि उग्र परिवर्तन गर्न परमेश्वरले बोलाउनुभयो भने तपाईँ के तयार हुनुहुन्छ ? धेरै थोरै कुरामा हामी इमान्दार भएर काम गरिरहनु आवश्यक छ भनेर येशूले हामीलाई यसरी बताउनुभएको छ, "जो थोरै कुरामा ईमानदार हुन्छ, त्यो धेरैमा पनि ईमानदार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ। यसकारण तिमीहरू सांसारिक धनमा ईमानदार भएनौ भने, तिमीहरूलाई साँचो धनको जिम्मा कसले देला ? यदि तिमीहरू अर्काको धनमा ईमानदार भएनौ भने, तिमीहरूको आफ्नै धन तिमीहरूलाई कसले देला र? " लूका १६:१०-१२।*

## २. परमेश्वरमा निष्ठावान भएर बस्नेको पिता अब्राम

आफूले कहिल्यै नदेखेको तर परमेश्वरले देखाउँछु भन्ने देशमा जान आफ्नो घर र आफन्तहरू छोड्न उहाँले अब्रामलाई अऱ्हाउनुभएको थियो। यसरी येशू मसीहका धर्मपिता युशूफको रगतको बंश सुरुभएको थियो। अब्रामको आफ्नो

जन्मेको घर र बालककालको बारेमा हामीलाई विस्तृत जानकारी नभएतपनि आफ्नो प्यारो मातृभूमि परमेश्वरको आह्वानमा अब्रामले छोड्नु परेको थियो। यो निर्णय सजिलो त थिएन। त्यसले गर्दा उनले आफ्नो बुबाले पैतृक सम्पति, साथीभाइ र छिमेकीहरूसँगको रमझम र सुविधासम्पन्न गाउँघर उनले त्यागनुपरेको थियो।

**तर उनको त्यस त्यागले गर्दा सारा संसारका मानव प्राणीहरूको आशिषको स्रोत हुने अवसर पाएका थिए। हेर्नुहोस्, "परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रो कुटुम्ब तथा तिम्रो पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ।" उत्पत्ति १२:१-२।**

आफ्नो बाबु आमाको घर छोड्नु अब्राम र उनका परिवारको निम्ति उग्र परिवर्तन थियो। यस सन्दर्भमा हिब्रू ११:८मा पावलले यसरी व्यक्त गर्दछन्, "विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन।" हिब्रू ११:८। "बाइबलमा दिएका विश्वासका सबै परिभाषाहरूमा अब्रामले बिना प्रश्न परमेश्वरको आज्ञा पालन गरेको कदम अत्यन्तै उल्लेखनीय र विशेष प्रमाण भएको छ।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. १२६बाट रूपान्तरित।

प्रायजसो हामीले हाम्रा मातृभूमि, हाम्रा साथीभाइ र आफन्तहरू सधैंको निम्ति छोडेर अन्त जाने त्यस्तो उत्सुक हुँदैनौं होला। तर अब्रामले बिना हिच्किच्याइ परमेश्वरले भन्नुवित्तिक्कै आफ्नो प्रिय मातृभूमि छोड्न तरखरमा लागे। परमेश्वरले जहाँ जहाँ चाहनुभयो त्यहाँत्यहाँ रहन अब्राम संतुष्ट भएका थिए। अचम्मको कुरो त यो छ, परमेश्वरले दिनुभएको वचन अनुसार अब्राम, इसहाक र याकूबले आफ्नो जीवनभर प्रतिज्ञा गरिएको भूमि पाएका थिएनन्-यद्यपि तिनीहरू आफ्नो जीवनको अन्तिम घडीसम्म परमेश्वरप्रति आस्थावान र निष्ठावान भएर बसे।

**हिब्रू ११:८-१६मा के महत्त्वपूर्ण उल्लेखनीय सन्देश हाम्रो निम्ति सुनाइएको छ? हेर्नुहोस्, "८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा**

उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। ११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ।"

जुन समाजमा अब्राम रहन पुगेका थिए त्यस समाजमा उनको ठूलो आदर थियो। त्यो समाजका मानिसहरू सृष्टिकर्ता परमेश्वरको उपासकहरू थिएन। तैपनि अब्रामलाई राजालाई जस्तो सम्मान गर्दथे। उनी उदारवादी, साहसिलो, अतिथीसत्कारमा अग्रसर भएको र अतिउच्च परमेश्वरको सेवक भनेर प्रख्यात थिए। परमेश्वरको बारेमा उनले देखाएको उदारण अनुसरणीय छ। परमेश्वरको अनुग्रहले हामी पनि अब्रामको सन्तान हुन पुगेका छौं। अब्रामको मामिलामा पावलले आफ्नो भनाइ अघि सार्छन्, "अब्राहामलाई नै हेर, "उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।" यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई "तिमीमा नै सबै जातिले आशिष् पाउनेछन्" भन्ने सुसमाचार अघिबाटै सुनायो। यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन्।" गलाती

३:६-९। "यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।" गलाती ३:२९।

अब्राम र नोहामा हामी यो देख्दछौं कि जब परमेश्वरको आज्ञालाई तिनीहरूले माने तब तिनीहरूले आफ्नो जीवनमा आमूल परिवर्तन ल्याउने उग्र निर्णय गर्न राजीभएका थिए।

२ कोरन्थी ४:१८ पढ्नुहोस्। यस पदमा के विशेष सन्देश छ जसले गर्दा हामीले गर्ने आत्मिक निर्णयहरूलाई प्रभाव पार्नुपर्दछ ? मोशा र अब्राहमले त्यही नीति कसरी अङ्गाले ? हेर्नुहोस्, "हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।"

## ३. लोटका खराब निर्णयहरू

परमेश्वरको आह्वानमा जब अब्राम आफ्नो मातृभूमि छोडे, तब उनका भतिजा लोट पनि अब्रामसँग गए, सायद उनी तिर्थयात्रा जान उत्सुक भएर आफ्नो घरबार छोडेर निस्केका थिए। परमेश्वरले अब्रामलाई यस्तो धेरै आशिष दिनुभएको थियो कि उनी "पालिने गाइबस्तुहरू (त्यसबेलाको सभ्यतामा यसले मानिस कति धनी रहेछ भनेर देखाउँथ्यो), सुन र चाँदी भएकाले अब्राम अति धनाढ्य थिए।" भनेर उत्पत्ति १३:२ले बताउँछ। लोत पनि चानचुने मानिस थिएन, उनीसँग "भेड़ाबाख्रा र गाईबस्तुहरूका बथान र पालहरू थिए" भनेर उत्पत्ति १३:५ले उल्लेख गर्दछ। ती दुवै काका र भतिजा यतिका धनी भएकि तिनीहरूसँगसँगै बस्न सकेका थिएनन् किनकि तिनीहरूसँग धेरै बस्तुहरू थिए। त्यसको फलस्वरूप तिनीहरूका गोठालाहरूको बीचमा झगडा हुन थालेको थियो। त्यो झगडाबाट पन्छिन अब्रामले आफ्नो भतिजा लोटलाई उनी कहाँ सर्न चाहन्छ सो प्रस्ताब राखे। कता सर्ने भन्ने निर्णय अब्रामले लोटलाई नै पहिला दिएका थिए। "होइन, तपाईंले नै पहिला निर्णय गर्नुहोस्" भनेर लोटले अब्रामप्रति आभारित भएर जवाफ दिनुपर्थ्यो किनकि अब्रामसँगको सम्बन्धले गर्दा लोट सम्पन्न भएका थिए। तर उनले अब्रामप्रति आभार भएको देखाएनन् बरू त्यसबेलाको अत्यन्तै असल र उर्वरा भुमिमा जाने स्वार्थी निर्णय उनले गरे।

**के तर्कयुक्त कुराहरू थिए जसले गर्दा लोटले जुन निर्णय गर्न चाहेका थिए सो गरे? हेर्नुहोस्, "लोतले आफ्ना आँखा उठाएर हेरे, र यर्दनको बेंसीचाहिँ परमप्रभुको बगैंचाजस्तै, अथवा सोअरतिरको मिश्रदेशजस्तै चारैतिर प्रशस्त पानीले**

**भिजेको थियो। (परमप्रभुले सदोम र गमोरा सर्वनाश गर्न अघिको कुरो यो हो।) यसैकारण लोतले यर्दनको जम्मै बेंसी रोजेर पूर्वतिर लागे। यसरी यिनीहरू छुट्टिए। अब्रामचाहिँ कनान देशमा नै बस्न लागे। लोतचाहिँ बेंसीका सहरहरूमा वास गरे। तिनले आफ्नो पाल सदोमसम्म सारे। सदोमका मानिसहरू दुष्ट थिए, र परमप्रभुको विरुद्धमा साह्रै पाप गर्थे।" उत्पत्ति १३:१०-१३।**

**लोटले** सजिलो र सुविधा सम्पन्न सहरमा सर्ने निर्णय त्यस्तो महान् निर्णय थिएन। तर जब उनलाई शत्रुहरूले युद्धबन्दी बनाएर लगे भनेर सुन्दा अब्रामले यो भनेन्, "कस्तो नराम्रो खबर। तिमीले जे रोप्यौ त्यही फलायौ।" बरु उनलाई उद्धार गर्न अब्राम अघि सरेका थिए (उत्पत्ति १४)।

कतिपय समयमा हामी महत्त्वाकाँक्षी भएकोले हाम्रा गलत निर्णयबाट पाठ सिक्न नसक्ने हुन्छौं। लोटलाई शत्रुको हातबाट छापामार शैलीद्वारा अब्रामले उनलाई उद्धार गरे तब उनी दुष्ट सोडोमको सहरमै फेरि फर्केर बसोबास गरे। तर परमेश्वरले उनीप्रति ठूलो दया र सदाशयता देखाउनुभएर स्वर्गदूतहरू पठाउनुभएर लोट र परिवारलाई तिनीहरू बसोबास गरेका ती सहरहरूलाई नाश गर्नुभन्दा अघि त्यहाँबाट निस्केर जाऊ भनेर चेतावनी दिनुभएको थियो।

**उत्पत्ति १८:२०-३३ पढ्नुहोस्। यस पृथ्वीमा आफू आउनुको कारण के थियो भनेर परमेश्वरले अब्राहमलाई सुनाउनुभएको थियो? दुष्ट सहरहरूलाई नाश गर्ने परमेश्वरको निर्णयलाई अब्राहमको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, "२० तब परमप्रभुले भन्नुभयो, "सदोम र गमोराको विरुद्धमा ठूलो आवाज उठेको छ, र तिनीहरूका पाप साह्रै ज्यादा भएका छन्। २१ अब त्यही आवाजअनुसार तिनीहरूबाट यो काम भएको हो कि होइन भनी हेर्नलाई म तल ओर्लेर जानेछु। होइन रहेछ भने मलाई थाहा हुनेछ।" २२ यसकारण ती पुरुषहरू त्यहाँबाट झरेर सदोमतिर गए। तर अब्राहामचाहिँ अझै परमप्रभुकै सामु उभिरहे। २३ तब अब्राहामले नजिक गएर उहाँलाई भने, 'के दुष्टहरूसँग धर्मीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ? २४ त्यस सहरमा पचास धर्मी जन रहेछन् भने, के त्यसमा भएका पचास धर्मी जनका निम्ति त्यस सहरलाई नजोगाएर नष्ट पार्नुहुनेछ र? २५ दुष्टका साथमा धर्मी जनलाई मार्ने काम तपाईंबाट कहिल्यै नहोस्। धर्मीको दशा पनि दुष्टको जस्तै हुनु त तपाईंबाट पर रहोस्। सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र?" २६ परमप्रभुले भन्नुभयो, "सदोम सहरभित्र पचास धर्मी जन पाएँ भने म तिनीहरूका खातिर जम्मैलाई**

**छोड़िदिनेछु।" २७ अब्राहामले भने, "हेर्नुहोस्, म केवल माटो र खरानी मात्र भएर पनि परमप्रभुसँग कुरा गर्न आँट गरेको छु। २८ पाँच कम पचास जना धर्मी जन त्यहाँ रहेछन् भने, केवल पाँच मात्र घटी भएकामा सारा सहरै तपाईं नाश गर्नुहुनेछ?" उहाँले भन्नुभयो, "त्यहाँ पैंतालीस पाएँ भने म त्यो नाश गर्नेछैनँ।" फेरि तिनले भने, "त्यहाँ चालीस रहेछन् भने?" २९ उहाँले भन्नुभयो, "चालीस जनाका खातिर पनि म त्यसो गर्नेछैनँ।" ३० तब तिनले भने, "परमप्रभुलाई रिसानी नभए म अझै बोल्नेछु। यदि त्यहाँ तीस जना पाइए भने?" उहाँले भन्नुभयो, "त्यहाँ तीसै पाएँ भने पनि म त्यसो गर्नेछैनँ।" ३१ तिनले भने, "हेर्नुहोस्, परमप्रभुसँग मैले कुरा गर्ने आँट गरिरहेछु। बीस जना पाइए भने?" उहाँले भन्नुभयो, "बीस जनाका खातिर पनि म नाश गर्नेछैनँ।" ३२ अनि तिनले भने, "परमप्रभुलाई रिसानी नहोस्। अब एक पल्ट मात्र बोल्नेछु। यदि त्यहाँ दश जना पाइए भने?" उहाँले भन्नुभयो, "दश जनाका खातिरमा पनि म त्यो नाश गर्नेछैनँ।" ३३ अब्राहामसित कुरा गरिसक्नुभएपछि परमप्रभु गइहाल्नुभयो, र अब्राहामचाहिँ आफ्नो ठाउँमा फर्के।" उत्पत्ति १८:२०-३३।**

आफ्नो भतिजा लोट र उनका परिवारहरूप्रतिको चिन्ताले गर्दा अब्राहमले परमेश्वरसँग कचकच गरेका थिए। यदि ती सहरहरूमा धर्मी मानिसहरू थिए भने के परमेश्वरले ती सहरहरूलाई नाश गर्नुहुन्छ होला? उनले ५० जनादेखि सुरु गरेर त्यसलाई झार्दै १० जनासम्म झारे। परमेश्वर सदाशयी, दयालु र प्रेमिलो भएको कारणले आफ्नो दया प्रदान गर्न उहाँ रोक्नुभएन जबसम्म अब्राहमले सोध्न छोडेनन्। परमेश्वरसँग लोटको उद्धारको निम्ति बिन्ति गर्दा परमेश्वर र उहाँका स्वर्गदूतहरू व्यक्तिगरूपमै हस्तक्षेप गरेर लोट, उनकी श्रीमती र दुई छोरीहरूलाई उद्धार गरे। लोटकी श्रीमतीले स्वर्गदूतको आज्ञा बिपरित पछाडि फर्केर हेर्दा उनी नुनको खाँबो बनिन्। लोट सोडोममा अत्यन्तै धनाढ्य भएर गएका थिए तर निस्कन्दा खाली हात भएर निस्कनु परेको थियो। हामीले गर्ने निर्णयहरूमा हामी कस्तो होशियारी अपनाउनुपर्छ सो सोच्नु जरुरी छ। विशेष गरेर भविष्यको कुरोलाई ख्याल नगरि अगाडिको छोटो समयमा हुने फाइदालाई ध्यानमा राख्दा भविष्यको ठूलो चित्रको ख्याल नहुने कुरामा हामी सतर्क हुनुपर्दछ। हेर्नुहोस्, "मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?" मर्कूस ८:३६-३७।

## ४. धोखेवाजबाट राजकुमार

सानैदेखि याकूबले परमेश्वरलाई प्रेम गर्थे र उहाँको भय मान्थे। तैपनि उनी आफ्नी आमा रेबेकासँग मिलेर बुबालाई धोखा दिन तल्लो नैतिक स्तरमा घट्न पुगेका थिए। उनले आफ्नो बुबाले दिनै जेष्ठ अधिकार खोसेका थिए। त्यसको अर्थ जब उनी ठूलो भए उनको जीवन गलत बाटोमा लाग्न थालेको थियो। दाजुको रिस खप्न नसकेर आफ्नो छिटो मृत्युबाट भाग्न आमाको सल्लाह मान्न उनलाई कर लागेको थियो। उत्पत्ति २७:४१-४५मा लेखिएको छ, "आफ्ना पिताले याकूबलाई दिएको त्यस आशिष्ले गर्दा एसावले तिनीसँग दुश्मनी गर्न लागे, र एसावले मनमनै भने, “मेरा पिताको मर्ने बेला नजिकै आइपुगेको छ। त्यसपछि म मेरो भाइ याकूबलाई मार्नेछु।” तर तिनका जेठा छोरा एसावको यो कुरा रिबेकाकहाँ पुग्यो। यसकारण रिबेकाले आफ्ना कान्छा छोरा याकूबलाई बोलाएर भनिन्, “हेर, तेरो दाजु एसावले तँलाई मार्ने विचार गरेर आफ्नो चित्त बुझाएको छ। यसकारण ए छोरो, मैले भनेको कुरा मान्। तँ हारानमा मेरा दाजु लाबानकहाँ भागेर जा, र तेरो दाजुको रीस नमरुञ्जेल केही दिन त्यहाँ उनीसँग बस्। तैंले तेरो दाजुमाथि गरेको काम त्यसले बिर्सेर तँसँग गरेको रीस मरेपछि म तँलाई त्यहाँबाट लिन पठाउनेछु। एकै दिनमा तिमीहरू दुवै जनाको वियोग मैले किन सहने?” उत्पत्ति २७:४१-४५। केही दिन होइन याकूब २० वर्ष आफ्नो घरबाट भाग्नु परेको थियो र उनको आफ्नो बाँकि जीवनमा आफ्नी आमाको मुख कहिल्यै पनि हेर्न पाएनन्।

**हामीले गलत निर्णय गरेतापनि परमेश्वरको अनुग्रहबाट हामी टाढिनु आवश्यक छैन। याकूबलाई के भयो र त्यसबाट हामीले पनि के आत्मिक पाठहरू सिक्न सक्छौं? हेर्नुहोस्, "२२ त्यस रात याकूब उठे, र तिनका दुई पत्नी, दुई कमारी, र एघारै छोराहरूलाई लिएर यब्बोक नदी तरे। २३ तिनले तिनीहरूलाई खोलाको पारि पठाएपछि, त्यसै गरी तिनले आफूसित भएका सबै कुरा पनि पठाए। २४ यसरी याकूबचाहिँ एकलै छोड़िए। अनि एक जना व्यक्ति उज्यालो नहोउञ्जेल तिनीसित कुश्ती लड़े। २५ यी व्यक्तिले याकूबलाई जित्न नसकेका देखेर याकूबका कम्मरको खोक्रो भाग छोए, र उनीसित कुश्ती लड्दालड्दै याकूबको कम्मरको गेड़ी फुस्क्यो। २६ तब ती व्यक्तिले भने, “उज्यालो हुन लाग्यो। मलाई जान देऊ।” तर याकूबले भने, “मलाई आशीर्वाद नदिउञ्जेल म तपाईंलाई जान दिन्नँ।” २७ उनले तिनलाई भने, “तिम्रो नाउँ के हो?” तिनले भने, “याकूब।” २८ त्यस व्यक्तिले भने, “अब उप्रान्त तिम्रो नाउँ**

**याकूब होइन तर इस्राएल* हुनेछ, किनभने तिमीले परमेश्वर र मानिसहरूसँग लड़न्त गर्‍यौ, अनि विजयी भयौ।” २९ तब याकूबले उनलाई सोधे, “बिन्ती छ, मलाई भन्नुहोस्, तपाईंको नाउँ के हो?” तर उनले उत्तर दिए, “मेरो नाउँ तिमी किन सोध्छौ?” अनि उनले तिनलाई आशीर्वाद दिए। ३० यसकारण याकूबले त्यस ठाउँको नाउँ पनीएल राखे, किनकि “परमेश्वरको सम्मुखै परे तापनि मेरो ज्यान बाँच्यो” भनी तिनले भने। ३१ तिनको कम्मरले गर्दा तिनी खोच्याई-खोच्याई हिँड़िर पनीएल नाघिसक्दा सूर्योदय भयो। ३२ तिनका कम्मरको नसो छोइएको हुनाले आजसम्म इस्राएलीहरू कम्मरको नसो खाँदैनन्।"** उत्पत्ति ३२:२२-३२।

"अपमान र तिरस्कार भोगेका, पश्चाताप र आत्मसमर्पण गरेका यस पापी भुल गर्ने नाशवान व्यक्ति स्वर्गको राजासँग कुश्ती खेलेर जित्न पुगेका थिए। उनले परमेश्वरका प्रतिज्ञाहरूमा आफ्नो ढलपल भएको जीवनलाई पकडि राखे, र अनन्तको प्रेमले जरो गाडिएको हृदयले पापीको पुकारलाई पन्छाउन सकेन। आफूले गल्ती गरेर जेष्ठ अधिकार खोसेको गलत कामप्रति आफू कतिको पापी रहेछु भनेर याकूबले स्पष्टरूपमा बुझ्न गएका थिए। उनले परमेश्वरका प्रतिज्ञाहरूमाथि विश्वास गरेका थिएनन्, बरू आफ्नै प्रयासले हतारहतारमा आफ्नो दाजुको अधिकार खोसे जुन् परमेश्वरले उहाँको समयमा र उहाँकै तरिकाले उनलाई उपलब्ध गराउने थियो।...अब त्यस रातको अनुभवले याकूबको हृदयले चाहेको आशिष उनले पाएका थिए। उनी धोखेवाज र जबरजस्ती हात पार्ने भनेर कमाएको नाउँको पापको क्षमा उनले पाएका थिए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. १९७बाट रूपान्तरित।

**उत्पत्ति ४९:२९-३३ पढ्नुहोस्। याकूब विदेशमा भएकोले कनान देशमा आफ्नो अधिकार नभएको महसुस गरेका थिए, तैपनि आफू मरेपछि कहाँ गाड्नुपर्छ भनेर आफ्ना छोराहरूलाई के निर्देशन दिएका थिए? उनलाई गाड्ने गुफामा अरू को को गाडिएका थिए? आफूलाई पनि त्यहीं गाड्न निर्देशन याकूबले किन दिए होला? हेर्नुहोस्, "२९ तब तिनले तिनीहरूलाई यो आज्ञा दिएः “म त मेरा मानिसहरूकहाँ मिल्न जान लागेको छु। हित्ती एप्रोनको खेतमा भएको ओड़ारमा मेरा पिता-पुर्खाहरूका साथमा मलाई गाड़, ३० अर्थात् कनान देशमा मम्रेनेरको मक्पेलाको खेतमा भएको ओड़ार, जो अब्राहामले हित्ती एप्रोनको हातबाट खेतसमेत चिहान बनाउनलाई किनेका थिए। ३१ त्यहीं नै उनीहरूले अब्राहाम र तिनकी पत्नी सारालाई गाड़ेका थिए। र त्यहीं नै उनीहरूले इसहाक**

**र तिनकी पत्नी रिबेकालाई पनि गाड़ेका थिए। त्यहीं नै मैले लेआलाई गाडें। ३२ त्यो खेत र त्यहाँ भएको ओड़ार हित्तीहरूको हातबाट किनेको हो।" ३३ छोराहरूलाई यो आज्ञा दिइसकेपछि याकूबले आफ्ना खुट्टा ओछ्यानमा पसारेर आफ्नो प्राण त्यागे, र आफ्ना पिता-पुर्खाहरूसँग मिल्न गए।" उत्पत्ति ४९:२९-३३।**

तीनै पूर्खा र तिनीहरूका पत्नीहरू एउटै गुफामा गाडेका थिए भनेर बाइबलले हामीलाई बताउँदछ। परमेश्वरमाथिको विश्वास याकूबको बलियो थियो र आफू यस संसारमा अपरिचित र तिर्थयात्री थिए भनेर स्वीकारेका थिए (हिब्रू ११:१३)। उनले गलत काम गरेतापनि आफ्नो घरबाट खाली हात भागेका थिए तर जब उनी फर्के उनी धनाढ्य भएर फर्केका थिए।

*हामी मानिस हौँ हामीमा कमीकमजोरीहरू छन् र हामी भुल गर्दछौँ तैपनि परमेश्वरले हामीलाई आशिष दिन सक्नुहुन्छ। तर सुरुमै हामीले भुलहरू नगर्‍यौँ भने कति उत्तम हुने होला ? अहिले तपाईँले के निर्णयहरू गर्नुपरेको छ र गलत निर्णयहरू गर्नबाट तपाईँ कसरी जोगिनहन्छ ?*

## ५. मिश्र देशमा मोशा

बाइबलको पवित्र इतिहासका सुरुका वर्षहरूमा मोशाको चरित्रले धेरै ठाउँहरू ओगटेका थिए। परमेश्वरको निगारनीमा उनलाई जीवित राखिएको थियो। साहसिलो आमा र माया गर्ने दिदी द्वारा परमेश्वरको काम गर्नुभएको थियो। जब फारोकी छोरीले टोकरीमा तैरिरहेको बालक मोशालाई भेट्टाइन् तब उनको हिब्रू वा यहुदी आमालाई उनलाई स्याहार गर्न जिम्मा लगाइदिइन्, अझ त्यसको बापत पैसा पनि दिइन्। तन्नेरी आमा जो निर्वासनमा थिइन् र दासी पनि थिइन्, राजकुमारीकै निर्देशनमा मोशाला स्याहार कस्तो आशिषमय चुनौति थियो! आमा जोकेबेदले मोशालाई सिकाउन केवल १२ वर्षमात्र उनको हातमा थियो। ती १२ वर्षको अवधिमा आमाले मोशालाई प्रार्थना गर्न र परमेश्वरको आदर गर्न र उनको चरित्र सेवामूलक जीवन बिताउन निर्माण गरेकि थिइन्। त्यसपछि बर्षौंसम्म मोशा मिश्रदेशको राजदरवारमा राजकीय तालिम पाएका थिए। "मोशालाई मिश्रीहरूका सारा विद्यामा शिक्षा दिइन्थ्यो, र मोशा आफ्ना वचन र काममा शक्तिशाली भए।" प्रेरित ७:२२। जब उनी परिपक्व मानिस भए तब मोशाले विवेकशील निर्णय लिए जसले गर्दा उनको र इस्राएलीहरूको इतिहास नै परिवर्तन भएको थियो।

**हिब्रू ११:२४-२९ पढ्नुहोस्। मोशाले के छोडे र त्यसको सट्टामा उनले के सामना गर्नु परेको थियो? उनले उग्र निर्णय गर्नुभन्दा उनको ठाउँमा तपाईं रहेर सोच्नुहोस्। उनले के त्याग्दै थिए, जब उनले मिश्रदेश त्यागे त्यसको बदलीमा उनले के रोज्न पुगेका थिए? हेर्नुहोस्, "मोशा जन्मँदा तिनका आमा-बुबाले तिनलाई सुन्दर देखे, र विश्वासद्वारा तीन महिनासम्म तिनलाई लुकाइराखे, र राजाका हुकुमको तिनीहरूले डरै मानेनन्। जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए। राजाको क्रोधसँग नडराएर विश्वासद्वारा तिनले मिश्रदेश छोड़े। किनकि अदृश्य हुनुहुनेलाई देखेझैं गरी तिनी स्थिर रहे। ज्येष्ठलाई नाश गर्नेले तिनीहरूलाई छुन नपाऊन् भनेर तिनले विश्वासद्वारा निस्तार-चाड़को विधि पालन गरे र रगत छर्के। विश्वासद्वारा ओबानो भूमिमाझैं गरी हिँड़िर तिनीहरूले लाल समुद्र पार गरे, जुन कुरो मिश्रीहरूले प्रयत्न गर्दा डुबेर मरे।" हिब्रू ११:२३-२९।**

तत्कालिन पौराणिक इतिहासमा मिश्रदेख अरू शक्तिहरूमा एक महान् थियो। अझ मिश्रदेश सभ्यताको धनी थियो र विश्व साम्राज्यमा अत्यन्तै महान् भनेपनि हुन्छ। त्यस देश नायल नदिको किनारामा भएकोले एक दिन उर्वरा थियो। अनेकौं अन्नले भरिभराउ भएको देश अत्यन्तै धनी र शक्तिशाली थियो। मोशा आफै त्यस देशको सम्राट् हुने अवसर थियो। उनको प्रारम्भिक वर्षहरूमा सांसारिक लोभमोह, मिश्र देश र त्यसमा भएको सबै सम्पत्तिको उपभोग गर्न मोशा कसरी फस्न सक्थ्यो त्यो कल्पना गर्नु पनि हामीलाई गाऱ्होछ। सारा मानिसहरूको सम्मान पाइरहेको, सुखबिलासमा हुर्किरहेको, धनहरूको मोहमा परिरहेको मोशा चानचुने व्यक्ति थिएन। आफ्नो शक्तिलाई प्रयोग गरेर मिश्रदेशमा नै बस्नु उनको निम्ति उचित भएको ठान्न सक्थे। आफ्नो भविष्य मिश्र देशको आँखाको छारो भएको दासहरूको बीचमा हाम फाल्नुको औचित्य उनलाई भएको थिएन।

तैपनि, उनले के निर्णय गरे त? बाइबलले भन्छ, "पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे।" हिब्रू ११:२५। अनि दुःखकष्टको बारेमा चर्चा गर्दा? प्रस्थानको पुस्तकको मूख्य भागहरूमा मोशाको कष्ट र परिक्षाहरूको बारेमा चर्चा गरिएका छन्। उनी पनि प्रतिज्ञा गरिएको देशमा जान जोश जाँगरमा लागेका थिए तर

उनको दुःखकष्टको बावजुद पनि प्रतिज्ञा गरिएको देशमा जान उनलाई अवसर मिलेन (गन्ती २०:१२)। तर, आखिरमा हामी सबैलाई थाहा छ, मोशाले जे निर्णय गरे त्यो उचित निर्णय गरेका थिए। हुनसक्छ कति पटक उनले आफूले ठिक निर्णय गरेकि गरेन भन्ने दोधारमा परेको हुनसक्थ्यो।

**संसारको परिवेशमा मोशा मिश्रमै रहेको हुन्थ्यो। तर हामी येशूभक्त भएको हैशियताले हामीलाई यस संसारभन्दा अपारको संसारको वास्तविकताको दर्शन दिएको छ। यस संसारको मायामोहमा फसाउने के के कुराहरूछन् तर तिनीहरूलाई पन्छाएर हाम्रो सामु ठूलो चित्रलाई कसरी अगाडि राखिछोड्ने? यसो गर्नु किन महत्त्वपूर्णछ?**

**उपसंहार:**

**थप जानकारी:** परमेश्वरले अब्राहमलाई आशिष दिनुभएर करारको आफ्ना भाग पूरा गर्नुभएको थियो। अब्राहमले यस संसारमा धनसम्पत्ति थुपारेर र आफ्नै सहर निर्माण गरि शासकवर्गमा नपरि परमेश्वरको सम्मान गरेका थिए। "जुन सम्पत्ति वा जायजात आफ्ना जनहरूलाई परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो त्यो यस संसारमा थिएन। यस पृथ्वीमा आफ्नै जग्गा भन्ने थिएन। "तिनलाई त्यस ठाउँमा जायजात त परै जाओस्, पाइला राख्ने ठाउँसम्म पनि दिनुभएन।" प्रेरित ७:५। उनीसँग धेरै धनदौलत त थियो तर परमेश्वरको महिमाको निम्ति र अरू मानिसहरूको हितको निम्ति उनले प्रयोग गरेका थिए; तर यो संसार उनको घर हो भनेर उनले ठानेन्। मूर्तिपूजा गर्ने आफ्ना देशका मानिसहरूबाट निस्कन परमेश्वरले उनलाई आह्वान गर्नुभएको थियो। कनान देश उनको निम्ति अनन्तको राज्य हुनेछ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो। तर न त उनले न त उनका छोराले न त उनका नातीले त्यो देशमा रजाइँ गर्न पाएका थिए। जब आफ्नो मृत्युको समयमा गाड्ने चिहानको आवश्यक भएको थियो उनले कनानीहरूसँग जग्गा किनेका थिए। प्रतिज्ञा गरिएको देश उनले पाएको भन्दा केवल माखपेलाको गुफामा भएको पत्थरको चिहानमात्र थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. १६९ बाट रूपान्तरित।

यस संसारमा हामी रहँदा बस्दा हामी धनसम्पत्ति र मोजमज्जा गर्ने प्रलोभनमा फस्न सक्छौं हाम्रो चाहनालाई पर्खिरहन बलियो विश्वासलाई व्यवहारमा ल्याउने आवश्यकता हुन्छ। "फारोको भव्य र रवाफिलो दरवार र सम्राटको राजगद्दी मोशाको निम्ति लालायत थिए; तर उनलाई थाहा थियो कि पापमा डुवेर मोजमज्जामा लाग्ने प्रवृत्तिले परमेश्वरलाई विर्सिने संस्कार भव्य राजकीय महलहरूमा हुन्छन्। उनले भव्य दरवारभन्दा अपार, राजाको श्रीपेच भन्दा पनि अपार महान् सम्मान परमेश्वरले आफ्ना सन्तहरूलाई दिनेमा आँखा लगाएका थिए। उनी त्यस राज्यमा रहन चाहेका थिए जहाँ पापको दाग हुनेछैन। पापलाई जित्नेहरूको शिरमा कहिल्यै नाश नहुने मुकुट स्वर्गको राजाले पहिराउनुहुने उनले विश्वासद्वारा देखेका थिए। यही विश्वासले गर्दा पृथ्वीको भव्य महल र सम्मान छोडेर निम्न र विपन्न वर्ग र मानिसहरूको आँखामा छारो भएको जनतासँग आफ्नो पहिचान गर्न पुगेका थिए। पापको दासत्वमा रहनुको सट्टा परमेश्वरको आज्ञा पालन गर्ने निर्णय उनले गरेका थिए।"-*पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. २४६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. जब येशू आउनुहुन्छ तब हामीसँग भएको सम्पत्ति के हुनेछ? पत्रुसले यसरी जवाफ दिन्छन्, "तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्।" २ पत्रुस ३:१०। अझ येशू आउनुहुँदा अघि नै ती सम्पत्ति के हुनसक्छ? हेर्नुहोस्, "तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन।" मत्ती ६:२०। त्यसकारण जे छ त्यो उचित दृष्टिकोणमै राखिराख्नु किन जरुरी छ?

आ. धनसम्पत्तिको मोहमा परेर धोखामा पर्नेको बारेमा येशूले चेतावनी दिनुभएको थियो (मर्कूस ४:१९)। उहाँले यहाँ के भनिरहनुभएको छ? धनसम्पत्तिले हामीलाई कसरी धोखा दिनसक्छ?

इ. उजाड मरुभूमिमा विद्रोह गर्ने दासहरूको साथ भाग्नुभन्दा मिश्र देशमै रहनु मोशाको निम्ति किन उचित देखिन्छ? चिन्तनमनन गर्नुहोस्। आखिरमा उनलाई के भयो जसले गर्दा मिश्र देश छोडेर दासहरूको साथमा लाग्न निर्णय उनले गरे?

## कथा ८

# मिशन स्कूलमा आश्चर्य काम



जोन फिरीको जीवनलाई दुई भिन्नाभिन्नै प्रकारका मिशन स्कूलहरूले निर्माण गरेको थियो। जोनको परिवारले येशूलाई विश्वास गरेको थिएन। युवाअवस्थामा जोनलाई मलावीबाट जन्जीबार टापुमा रहेको स्कूलमा पढ्न पठाएको थियो। यो टापु इन्डिएन ओसनमा छ। जोन त्यहाँको स्कूलमा अध्ययन गर्न पुगेको थियो। ऊ तीन वर्षसम्म आफ्नो पढाइमामात्र होइन धर्मका पुस्तकहरू पढ्न पनि समय बितायो। अफ्रिकामा आफ्नो धर्मको बारेमा नसुनाएका ठाउँहरूमा आफ्नो धर्मको बारेमा सुनाउँदै घरेलु सङ्गतिहरू कसरी स्थापना गर्ने भन्ने ज्ञान हासिल गर्न थाल्यो।

जन्जिबारमा आफ्नो अध्ययन सकेपछि त्यस युवक मलावीमा फर्क्यो। उसले त्यहाँ दुई घरेलु सङ्गतिको अगुवाइ गर्न थाल्यो। चर्चहरूलाई रेखदेख गर्न र तिनीहरूको गतिविधि जन्जिबारमा रहेको आफ्नो धर्मको अगुवालाई खबर दिन उसलाई खटाइएको थियो। एक दिन उसले येशूको बारेमा जानकारी लिओस् भनेर उसलाई किङ्गस जेम्स बाइबल पढ्न सुझाव दियो।

केही वर्षसम्म जोन तीन विभिन्न चर्चहरूमा सम्मिलित भयो। ती चर्चहरूमध्ये एकमा जोन बरिष्ठ व्यक्ति हुन पुगेको थियो। त्यहाँ भएको गतिविधिहरूको बारेमा उसले जन्जिबारमा सूचनाहरू पठाउँदै गर्दथे। त्यसै बेला उसले मलावीको सहरमा विभिन्न घरेलु चर्चहरूको अगुवाइ गर्दै थियो।

जब उसले बाइबल पढ्न थाल्यो तब उसको हृदय छोएको थियो। आफूले सिकेको इसाई धर्मभन्दा भन्दा  अगल भएको उसले महसुस गर्न थाल्यो। उसले येशूको बारेमा बढि सिक्न चाह्यो।

जवानै अवस्थामा उसले मलावीको लुवाजी सेभेन्थ-डे एडभेन्टिस्ट मिशन स्कूलमा भर्ना भयो। यो नयाँ खालको मिशन स्कूल थियो। यो जन्जिबारको मिशन स्कूल भन्दा फरक थियो। एडभेन्टिस्ट स्कूलको पाथ फाइन्डर क्लबप्रति चासो देखाउन थाल्यो। उसले त्यसमा सहभागी भएर त्यसको सबै क्रियाकलापहरूमा भाग लिन थाल्यो।

जब स्कूलमा प्रार्थना सप्ताह लगाएको थियो उसले आफ्नो हृदय येशूलाई सुम्प्यो र बप्तिस्मा लियो। जोनले जन्जिबारमा सूचनाहरू पठाउन

रोक्यो। जब जोनको गतिविधि थाहा पायो तब उसको पिता ऊदेखि धेरै क्रोधित भयो। जोन सेभेन्थ-डे एडभेन्टिस्ट हुनुमा उसको आमा जिम्मेवारी छ भनेर दोष लगाए र उनले उनीसँग पारपाचुके गरे।

धेरै वर्ष पछि आफूल् मिशन स्कूलमा पाएको ज्ञान कार्यान्वयन गर्न परमेश्वरले उसलाई बोलाएको महसुस भयो। जन्जिबारमा उसको पहिलाको धर्मलाई घरघरमा प्रचार गर्ने विद्या उसले सिकेको थियो। कोही नगएको समाजमा पसेर आफ्नो धर्म फैलाएर घरेलु सङ्गति गर्ने कला उसले त्यहाँ सिकेको थियो। अब त्यस कलालाई एडभेन्टिस्ट विद्यमा समावेस गरेर येशूको निम्ति काम गर्न निर्णय गऱ्यो। कालान्तरमा जोन ग्लोबल मिशन पायोनियर भयो। कोही पनि नगएको समाज र संस्कृतिमा गएर एडभेन्टिस्ट समूह खडा गर्ने काममा ऊ संलघ्न भयो। जोन ग्लोबल मिशनमा १० वर्ष काम गऱ्यो। उसको सक्रियतामा उसका पारिवारिक धर्मका धेरै मानिसहरूले येशूलाई ग्रहण गरेका थिए।

मलावी एडभेन्टिस्ट विश्वविद्यालयमा धर्म विज्ञान पढेर उनले ग्राजुयत गरे। आज उनी एडभेन्टिस्ट चर्चको पास्टर भएर प्रभुको सेवा गर्दैछ। एडभेन्टिस्ट मिशन स्कूलले उनको जीवन परिवर्तन भएको थियो भनेर उनले भने। "एडभेन्टिस्ट मिशन स्कूलहरूलाई कहिल्यै पनि न्युन ठान्नुहुन्न। मानिसहरूले येशूको बारेमा थाहा दिन ती स्कूलहरू साधन हुन् र मानिसहरूले येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाता हुन् भन्ने अवसर ती स्कूलहरूले प्रदान गर्न सक्छन्। सारा संसारमा ख्रीष्टको सन्देश सुनाउन एडभेन्टिस्ट शिक्षाको ठूलो भूमिका हुन्छ।

- चिफुन्डो कान्जो